# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

पत्र संख्या: ०७९/८०
Letter No.:
चालनी नं.:
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

## विज्ञप्ति

नेपालको संविधान जारी भएसँगै देशमा संघीय शासन प्रणाली लागु भए पश्चात संघीयताको मर्म अनुरूप स्थानीय सरकार सञ्चालनको लागि आवधिक रुपमा निर्वाचन सम्पन्न गरी जनप्रतिनिधि चयन गर्ने संवैधानिक व्यवस्था अनुरुप दोस्रो पटक सम्पन्न स्थानीय तहको निर्वाचन, २०७९ मा निर्वाचित भइ यस पालिकाको नयाँ जनप्रतिनिधिको रुपमा पदभार ग्रहण गर्दै गर्दा भगिनी सम्बन्ध कायम भएको आधारमा मौसमी कामदार वैदेशिक रोजगारमा गएको सुनिन आएको छ।

विगतमा कोरिया पठाइएका मौसमी कामदारहरुको सन्दर्भलाई जोडि नवनिर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवम् वडा अध्यक्षहरुलाई लक्षित गरी विभिन्न सामाजिक सञ्जाल मार्फत प्रेषित भ्रमपूर्ण र कपोकल्पित टिप्पणीहरु प्रति हाम्रो गम्भिर ध्यानकर्षण भएको छ ।

कुनै पनि वैदेशिक पालिकाहरुसँग भगिनी सम्बन्ध राख्ने एवम् कामदारहरु आदान-प्रदान गर्ने लगायतका विषयमा हामि दोस्रो कार्यकालको लागि निर्वाचित जनप्रतिनिधिहरुले यस भन्दा अघिको कार्यपालिकाले वैदेशिक पालिकाहरुसँग भगिनी सम्बन्ध कायम गरेको सम्बन्धमा जिम्मेवार नरहेको र सम्पूर्ण जनसमुदायहरुलाई अवैधानिक बाटो र विधिबाट मौसमी कामदारको रुपमा वैदेशिक रोजगारमा नजानुहुन र नपठाउनुहुन समेत अनुरोध गर्दछु साथै गाउँपालिकाको अध्यक्षको रुपमा पदभार ग्रहण गरेको समय देखि हालसम्म यस पालिका एवम् अन्तर्गतका वडाहरुबाट कोही कसैसँग भगिनी सम्बन्ध कायम पनि नगरेको र मौसमी कामदारको रुपमा कामदारहरु विदेश पठाउने भनि सम्झौता नगरेको समेत जानकारी गराउन चाहन्छु ।

मितिः २०७९ असोज १३ गते, विहिबार

2063/06/12

मिन बहादुर गुरुङ्ग
अध्यक्ष

मीन बहादुर गुरुङ्ग
अध्यक्ष